# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ ५ गते २०३२ साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

औद्योगिक व्यवसाय ऐन, २०३० को दफा ७ (१) र (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका व्यक्तिहरू भएको इजाजत समितिको गठन गरेको छ ।

१. श्री माननीय मन्त्री, उद्योग तथा वाणिज्य मन्त्रालय– अध्यक्ष

२. श्री गभर्नर, नेपाल राष्ट्र बैङ्क– सदस्य

३. श्री सचिव, उद्योग तथा वाणिज्य मन्त्रालय– सदस्य

४. श्री सचिव, अर्थ मन्त्रालय– सदस्य

५. श्री सदस्य–सचिव, राष्ट्रिय योजना आयोग– सदस्य

६. श्री महा–निर्देशक, उद्योग विभाग– सदस्य–सचिव

कृषि तथा वनमा आधारित उद्योग स्थापनार्थ समितिले सम्बन्धित सचिवको परामर्श लिएर मात्र सिफारिश गर्नु पर्नेछ ।

खण्ड २४, अतिरिक्ताङ्क ६ मिति २०३१।२।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस विषयको सूचना खारेज गरिएको छ ।

आज्ञाले–

शिवनारायण दास

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।